# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ८, संख्याः ११, मंसिर ८ गते, २०८१ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (सातौं संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।८।७

व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेकोछ :

१. दफा ६ को उपदफा (५) (ख) “पुरानो फर्मको नाममा कहीं कतै दायित्व नरहेको भनी नेपाल राष्ट्र बैंक र जिल्ला प्रहरी कार्यालयको पत्र” **भन्नेको सट्टा** “पुरानो फर्मको नाममा कहीं कतै उजुर बाजुर नपरेको भनी जिल्ला प्रहरी कार्यालयको पत्र र पुरानो फर्म कालो सूचीमा नपरेको भनी राष्ट्रिय कर्जा सूचना केन्द्रको पत्र” राखी संशोधन गरिएको छ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत